# बुद्धशान्ति गाउँपालिकाको लैगिंक हिंसा निवारण कोष संचालन कार्यविधि, २०७७

## प्रस्तावना

नेपालको संविधान २०७२ को धारा ३८ को मौलिक हकमा महिलाको हकको कार्यान्वयन गर्न र लैगिंक हिंसाबाट प्रभावित पिडित व्यक्तिलाई तत्काल उद्धार गर्न, औषधी उपचार गर्न वा पुनर्स्थापना गर्ने कार्यका लागि गाउँपालिकामा लैगिंक हिंसा निवारण कोष स्थापना गरी सो कोषबाट पीडित वा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल, सहज र प्रभावकारी ढंगबाट लैगिंक हिंसा निवारण कोष संञ्चालन नियमावली,२०७६ तथा लैगिंक हिंसा निवारण कोष स्थापना तथा विस्तारका लागि शशर्त अनुदान रकम खर्च सम्वन्धी मापदण्ड,२०७६ को अधीनमा रही स्थानीय सरकार ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी बुद्धशान्ति गाउँपालिकाको लैगिक हिंसा निवारण कोष संचालन मापदण्ड,२०७७ तयार गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

क. यो कार्यविधिको नाम "बुद्धशान्ति गाउँपालिका लैगिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०७७" रहनेछ ।

ख. यो कार्यविधि बुद्धशान्ति गाउँपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ ।

२.परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. गाउँपालिका भन्नाले बुद्धशान्ति गाउँपालिका सम्झनु पर्नेछ ।

ख. मन्त्रालय भन्नाले महिला वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

ग. कोष भन्नाले गाउँपालिकामा दफा ३ वमोजिम स्थापना गरिएको लैगिंक हिंसा निवारण कोष सम्झनु पर्छ ।

घ.घरेलु हिंसा भन्नाले कुनै व्यक्तिले घरेलु सम्वन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक,मानसिक यौनजन्य वा आर्थिक यातना सम्झनु पर्दछ ।

ङ.लैगिंक हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिंगको आधारमा कसै प्रति शारीरिक मानसिक वा यौनजन्य क्षति वा पीडा पुर्याउने कार्य सम्झनु पर्दछ र सो शब्दले लिंगको आधारमा हुने कुनै पनि प्रकारको अपमानजन्य वा पीडाजन्य, धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बन्चित गर्ने कुनै कार्य समेतलाई जनाउँछ ।

च. कोष संचालन समिति भन्नाले कार्यविधिको दफा ९ वमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

३.कोषको स्थापनाः

लैगिक हिंसा पिडित र प्रभावितहरुको तत्काल उद्धार गर्न, राहत र पुनःस्थापना गर्ने काम समेतका लागि बुद्धशान्ति गाउँपालिकामा एउटा हिंसा निवारण कोष खडा गरिनेछ ।

क. संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान वा यसै कार्यविधिको दफा ३ वमेजिम प्राप्त भई लैगिंक हिंसा निवारण कोषमा जम्मा गरिएको रकम सम्झनु पर्दछ ।

बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुधवार, झापा १ नं. प्रदेश, नेपाल

Scanned with CamScanner

ख. लैगिंक हिंसा निवारणका लागि गाउँसभाबाट विनियोजित रकम।

ग. विदेशी व्यक्ति वा विदेशी संघ संस्थाबाट प्राप्त रकम।

घ. स्वदेशी व्यक्ति वा विदेशी संघ संस्थाबाट प्राप्त रकम।

ङ. अन्य कुनै स्रोतबाट प्राप्त रकम।

४. पीडित भन्नाले : लैगिंक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ।

५. तत्काल उद्दार तथा राहत समिति भन्नाले: पीडितलाई राहत उपलब्ध गराउन गाउँपालिकामा गठित स्थानीय उद्धार तथा राहत समिति सम्झनु पर्छ।

६.कोषको रकमः

१. कोषको रकम देहायको कामको लागि उपलब्ध गराउन उपयोग गरिनेछः-

क.पीडितलाई तत्काल तत्काल उद्धार गर्न,

ख. औषधी उपचार गर्न,

ग. पीडितलाई तत्काल उपचार गराउँदा लागेको खर्च पीडकले तत्काल ब्यहोर्न नसक्ने भई अदालतको आदेश वमोजिम त्यस्तो पीडितको स्वास्थ्य उपचार गर्न,

घ. राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने।

ङ. पीडितलाई कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोपरामर्श लगायतका सेवा प्रदान गर्न,

च.सीपमुलक तालिम प्राप्त पीडितलाई स्वरोजगारका लागि कुनै व्यवसाय स्थापना गर्नको लागि अनुदान रकम प्रदान गर्न।

छ. पीडित र प्रभावितलाई पुनर्स्थापना गराउन,

ज. अल्पकालीन महिला सुरक्षा सेवा केन्द्र सञ्चालनको लागि माग भई आएको समितिले आवश्यक ठानेमा आवश्यकता र औचित्यताको आधारमा सेवा केन्द्र संचालनको लागि रकम प्रदान गर्न।

झ. पीडितको लागि कोष परिचालन समितिले तोके वमोजिमको अन्य काम गर्न।

२.उपनियम १ मा जुनसुकै कुरा लेखिएको भएतापनि कोष संचालक समितिले लैङ्गिक हिंसाबाट पीडित वालवालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ।

७.कोषको रकम अन्य काममा उपयोग गर्न नसकिनेः

कोषको रकम दफा ६ वमोजिम कामकाजका लागि बाहेक अन्यत्र उपयोग गर्न सकिने छैन।

८.राहत तथा आर्थिक सहयोगको आधार र मापदण्डः

१.बुद्धशान्ति गाउँपालिकाले कोष परिचालन समिति गठन गरी पीडित र प्रभावितलाई राहत तथा आर्थिक सहयोग प्रदान गर्नुपर्दछ।

२. कोष संचालन समिति उपदफा १ बमोजिम पीडित र प्रभावितलाई रकम उपलब्ध गराउँदा देहाय बमोजिमको रकम हद र आधार लिनुपर्दछ।

बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुधबारे, झापा १ नं. प्रदेश, नेपाल

Scanned with CamScanner

ख. लैगिंक हिंसा निवारणका लागि गाउँसभाबाट विनियोजित रकम ।
ग. विदेशी व्यक्ति वा विदेशी संघ संस्थाबाट प्राप्त रकम ।
घ. स्वदेशी व्यक्ति वा विदेशी संघ संस्थाबाट प्राप्त रकम ।
ङ. अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

४. पीडित भन्नाले : लैगिंक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।
५. तत्काल उद्दार तथा राहत समिति भन्नाले: पीडितलाई राहत उपलव्ध गराउन गाउँपालिकामा गठित स्थानीय उद्धार तथा राहत समिति सम्झनु पर्छ ।
६.कोषको रकम:
१. कोषको रकम देहायको कामको लागि उपलब्ध गराउन उपयोग गरिनेछः-
क.पीडितलाई तत्काल तत्काल उद्धार गर्न,
ख. औषधी उपचार गर्न,
ग. पीडितलाई तत्काल उपचार गराउँदा लागेको खर्च पीडकले तत्काल ब्यहोर्न नसक्ने भई अदालतको आदेश वमोजिम त्यस्तो पीडितको स्वास्थ्य उपचार गर्न,
घ. राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने ।
ङ. पीडितलाई कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोपरामर्श लगायतका सेवा प्रदान गर्न,
च.सीपमुलक तालिम प्राप्त पीडितलाई स्वरोजगारका लागि कुनै व्यवसाय स्थापना गर्नको लागि अनुदान रकम प्रदान गर्न ।
छ. पीडित र प्रभावितलाई पुनर्स्थापना गराउन,
ज. अल्पकालीन महिला सुरक्षा सेवा केन्द्र सञ्चालनको लागि माग भई आएको समितिले आवश्यक ठानेमा आवश्यकता र औचित्यताको आधारमा सेवा केन्द्र संचालनको लागि रकम प्रदान गर्न ।
झ. पीडितको लागि कोष परिचालन समितिले तोके वमोजिमको अन्य काम गर्न ।
२.उपनियम १ मा जुनसुकै कुरा लेखिएको भएतापनि कोष संचालक समितिले लैङ्गिक हिंसाबाट पीडित वालवालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।
७.कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने:
कोषको रकम दफा ६ वमोजिम कामकाजका लागि बाहेक अन्यत्र उपयोग गर्न सकिने छैन ।
८.राहत तथा आर्थिक सहयोगको आधार र मापदण्डः
१.बुद्धशान्ति गाउँपालिकाले कोष परिचालन समिति गठन गरी पीडित र प्रभावितलाई राहत तथा आर्थिक सहयोग प्रदान गर्नुपर्दछ ।
२. कोष संचालन समिति उपदफा १ बमोजिम पीडित र प्रभावितलाई रकम उपलब्ध गराउँदा देहाय बमोजिमको रकम हद र आधार लिनुपर्दछ ।

बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुधवारे, झापा १ नं. प्रदेश, नेपाल

Scanned with CamScanner

क. पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएमा कोष संचालन समितिले निर्णय गरी बीस हजार रुपयाँ नबढ्ने गरी मनासिव रकम।

ख. हिंसा पीडितले कुनै सीपमुमलक तालिम प्राप्त गरी व्यवसाय संचालन गर्नका लागि वस्तुगत सहगोग वा नगद अनुदान माग गरेको व्यवसायको प्रकृति र औचित्यताको आधारमा प्रति व्यक्ति बढीमा बीस हजार रुपयाँ,

ग.पीडितलाई कानुनी सहायता,मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

घ.पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम खाना खर्च वापत प्रतिदिन तीन सय रुपैयाँ र बास बस्नु पर्ने भए प्रतिदिन थप पाँच सय रुपयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च रकम,

ङ.पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भए अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तीन सय रुपयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा वास खर्च वापत प्रतिदिन पाँचसय रुपयाँ र उपचार खर्चको यथार्थ खर्च रकम ,

च.कोष संचालन समिति तोके वमोजिमको अन्य कामको लागि प्रकृति, आवश्यकता र औचित्यताको आधारमा बढीमा दश हजार रुपयाँ।

९.राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्नेः

१.यस कार्यविधि वमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई कार्यालयमा निवेदन दिनु पर्नेछ।

२.उपदफा १ वमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने आधार देखिएमा मापदण्डको दफा ७ वमोजिम कोष संचालन समितिले निर्णय गरी उपलब्ध गराउनु पर्नेछ।

३.उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भएतापनि पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने मनासिव आधार देखिएमा दफा ७ वमोजिम कोष संचालन समितिबाट पछि अनुमोदन गराउने गरी संयोजकले तत्काल उपलब्ध गराउनु पर्नेछ।

४.उपदफा १ वमोजिम प्राप्त निवेदन अनुसार जाँचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने आधार नदेखिएमा सोको जानकारी निवेदकलाई गराउनु पर्नेछ।

बुद्धशान्ति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुधबारे, झापा
१ नं. प्रदेश, नेपाल

अध्यक्ष

१०.लैगिंक हिसा निवारण कोष र तत्काल उद्धार तथा राहत समितिः

यस कोषको संचालन तथा व्यवस्थापन गर्न एक कोष सञ्चालन समिति रहनेछ।

समितिको गठन देहाय वमोजिम हुनेछ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| सामाजिक विकास समिति संयोजक | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| प्रशासन शाखा प्रमुख | सदस्य |
| ईलाका प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि | सदस्य |
| कानुनी मामिला शाखा प्रमुख | सदस्य |
| लैगिक हिंसा निवारणको क्षेत्रमा कार्य गर्ने संघसस्थाहरु मध्येबाट संयोजकले मनोनित गरेको एकजना | सदस्य |
| महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख | सदस्य सचिव |

११.समितिको काम, कर्तव्य र अधिकारः

समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ।

क. लैगिंक हिंसा पिडित तथा प्रभावित उद्धार गर्ने, पुनस्थापना गर्ने तथा राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने सम्वन्धमा कार्यक्रम तर्जुमा गर्ने ।

ख. लैगिंक हिंसा पीडित तथा प्रभावितको पहिचान गर्ने र वास्तविक पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने।

ग. स्वीकृत कार्यक्रमका लागि कोष परिचालन गर्ने गराउने।

घ. स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्वन्धमा।
अनुगमन गर्ने गराउने।

ङ. लैगिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकायसँग समन्वय गर्ने।

च. समितिलाई तत्काल आवश्यक पर्ने कोषमा रहेको रकम उपयुक्त क्षेत्रमा लगानी गर्ने।

छ. कोषमा रकम बृद्धिको लागि खोजी गर्ने।

ज. लैगिंक हिंसा पिडित तथा प्रभावित सम्वन्धि अन्य काम गर्ने वा गराउने।

१२. समितिको बैठक र निर्णयः

क. समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

ख. समितिको बैठक संयोजकले तोकेको मिति समय र स्थानमा बस्नेछ।

ग. समितिको गणपुरक संख्याको ५० प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ।

Scanned with CamScanner

## ०.कोष संञ्चालन समिति:

स कोषको संचालन तथा व्यवस्थापन गर्न एक कोष सञ्चालन समिति रहनेछ।

समितिको गठन देहाय वमोजिम हुनेछ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| सामाजिक विकास समिति संयोजक | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| प्रशासन शाखा प्रमुख | सदस्य |
| ईलाका प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि | सदस्य |
| कानुनी मामिला शाखा प्रमुख | सदस्य |
| लैगिक हिंसा निवारणको क्षेत्रमा कार्य गर्ने संघसस्थाहरु मध्येबाट संयोजकले मनोनित गरेको एकजना | सदस्य |
| महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख | सदस्य सचिव |

## ११.समितिको काम, कर्तव्य र अधिकार:

समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ।

क. लैगिंक हिंसा पिडित तथा प्रभावित उद्धार गर्ने, पुनस्थापना गर्ने तथा राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने सम्वन्धमा कार्यक्रम तर्जुमा गर्ने ।

ख. लैगिंक हिंसा पीडित तथा प्रभावितको पहिचान गर्ने र वास्तविक पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने।

ग. स्वीकृत कार्यक्रमका लागि कोष परिचालन गर्ने गराउने।

घ. स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्वन्धमा।
अनुगमन गर्ने गराउने।

ङ. लैगिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकायसँग समन्वय गर्ने।

च. समितिलाई तत्काल आवश्यक पर्ने कोषमा रहेको रकम उपयुक्त क्षेत्रमा लगानी गर्ने।

छ. कोषमा रकम बृद्धिको लागि खोजी गर्ने।

ज. लैगिंक हिंसा पिडित तथा प्रभावित सम्वन्धि अन्य काम गर्ने वा गराउने।

## १२. समितिको बैठक र निर्णय:

क. समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

ख. समितिको बैठक संयोजकले तोकेको मिति समय र स्थानमा बस्नेछ।

ग. समितिको गणपुरक संख्याको ५० प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ।

अध्यक्ष

Scanned with CamScanner

घ. समितिको बैठकको अध्यक्षता समितिको सयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थिति सदस्यहरु मध्येबाट छानेको सदस्यले गर्नेछ।

ङ. समितिको बैठकमा वहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

च. समितिले आवश्यकता अनुसार गाउँपालिकाका पदाधिकारी वा कर्मचारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ।

छ. समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राख्नेछ।

ज. यस वाहेक अन्य कुरा समितिको बैठकबाट निर्णय गरी निर्धारण गर्न सकिनेछ।

१३. समितिको प्रशासनिक खर्चः

समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकम र सो कोषबाट प्राप्त व्याज रकमको ५ प्रतिशत भन्दा बढी हुने छैन।

१४. खाता संचालनः

क. कोषको रकम समितिको निर्णय वमोजिम बैकमा खाता खोली जम्मा गर्नु पर्दछ।

ख. उपदफा (क) बमोजिमको खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ।

१५. कोषको लेखा परीक्षणः

क. कोषको लेखा परीक्षण गाउँपालिकाले अपनाएको लेखा प्रणाली र लेखा परीक्षण प्रकृया वमोजिम हुनेछ।

ख.कोषको रकम फ्रिज नहुनेः कोषको रकम खर्च नभई अर्थिक वर्षको अन्त्यसम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन।

ग. प्रतिवेदन पेश गर्नेः समितिले आफ्नो कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ।

१६. बैठक भत्ता

समितिका संयोजक र सदस्यले समितिको बैठकमा भाग लिए बापत गाउँ कार्यपालिकाले तोके वमोजिमको रकम बैठक भत्ता पाउने छन्।

१७. कोषको सचिवालयः कोषको सचिवालय गाउँ कार्यपालिकाको कार्यालयमा रहनेछ।

१८. अभिलेख राख्नेः समितिले आफूले गरेका कामको अभिलेख दुरुस्त राख्नुपर्नेछ।

१९. निर्देशन दिन सक्नेः

क. गाउँ कार्यपालिकाले समितिको कामकार्वाहीको सन्दर्भमा समितिलाई निर्देशन दिन सक्नेछ।

ख. उपदफा (क) वमोजिम गाउँ कार्यपालिकाले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ।

ग. अधिकार प्रत्यायोजनः समितिले यस कार्यविधि वमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार समितिको संयोजक, सदस्य वा गाउँ कार्यपालिकाले तोकेको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

बुद्धशान्ति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुधबारे, झापा
१ नं. प्रदेश, नेपाल

अध्यक्ष

Scanned with CamScanner

२०.कोषको खारेजी:

क. कुनै कारणवस कोष संचालन गर्न आवश्यक नदेखिएमा गाउँ कार्यपालिकाको निर्णयबाट कोष खारेज गर्न सकिनेछ।

ख. उपदफा (क) वमोजिम कोष खारेज भएमा कोषको रकम हस्तान्तरण सम्वन्धी निर्णय गाउँ कार्यपालिकाको बैठकबाट हुनेछ।

बुद्धशान्ति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुधबारे, झापा
१ नं. प्रदेश, नेपाल

अध्यक्ष

Scanned with CamScanner

अनुसुची-१

(दफा ९ को उपदफा १ संग सम्वन्धित)

विषयः सहयोग उपलव्ध गराई पाउँ।

म ................................................ मा बस्ने बर्ष ............... को ..................................... मा लैगिंक हिंसाबाट पीडित भएको छु। मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ। म उपर लैगिंक हिंसा ...................................... भएको कारणले मेरो मानसिक/शारीरिक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधी उपचार कानुनी सहायता एवं परामर्श उद्धार मनोविमर्श/स्वरोजगार /पुनर्स्थापना/अन्य ................ कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानीय लैगिंक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलव्ध गराई दिनुहुन यो निवेदन पेश गरेको छु।

बुद्धशान्ति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुधबारे, झापा
१ नं. प्रदेश, नेपाल

निवेदकको नामः

नाम थरः

ठेगानाः

दस्तखतः

मितिः

रमेश कुमार नुनिया
अध्यक्ष

Scanned with CamScanner